प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## प्रि-डिप्लोमा तहको वर्गीकृत(निःशूल्क) छात्रबृति तर्फको कार्यक्रमहरूको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मितिः २०८०।०५।१४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरको मिति २०८०।०३।२९ गते र मिति २०८०।०४।१८ प्रकाशित सूचना अनुसार मिति २०८०।०५।०२ गते दिउसो १ बजे सञ्चालित प्रि-डिप्लोमा तहका वर्गीकृत(निःशूल्क) छात्रवृति तर्फका बिभिन्न बिषयका कार्यक्रमहरूको तोकिएका परीक्षा केन्द्रहरूमा सञ्चालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृति बितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८० अनुरूप लिखित परीक्षा प्राप्ताङ्क र एस.एल.सी/एस.इ.इ को शैक्षिक प्रमाणपत्रहरू बापत तोकिएको अंकको योगफल गरि स्विकृत कार्यक्रमहरूको बर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८०।०५।१३ गतेको निर्णय अनुसार मुख्य उम्मेदवार, उत्तीर्ण सूची र रद्ध गरिएकाहरूको सूचि प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। मुख्य उम्मेदवारको रूपमा छनौट भई भर्नाका लागि सिफारिश भएका उम्मेदवारहरू मिति २०८०।०५।२३ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नतिजाको प्रति,शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित बर्गको सक्कल प्रमाणपत्रहरू फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानुहुन जानकारी गराईन्छ।सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानि भर्ना सम्बन्धि निर्देशिका तथा सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरूले पेश गरेका कागजातहरू रूजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ।साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रममा तोकिएको मिति सम्ममा भर्ना हुन नआएमा परीक्षार्थीहरूको बर्ग कोटा उल्लेख गरी यस प्रदेश कार्यालयको ई-मेल ठेगाना exam.kctevt@gmail.com मा ३ दिन भित्र अनिवार्य रूपमा लिखित जानकारी गराउनु पर्नेछ।नतिजाको वृस्तित विवरण प्रदेश कार्यालयको को Website : www.ctevtkarnali.org.np र परीक्षा नियन्त्रण कार्यालयको Website : www.ctevtexam.org.np हेर्न सकिनेछ ।

निर्देशक